# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ २३ गते २०१२ साल

### बनविभागको विज्ञप्ती

ब. बि. नं ५३८६ २०१२–१०–११

श्रीबडाहाकीमजी म. स. गोश्वाराले, 'गत २।४ वर्षदेखि कुन हिसाब सित जंगलको क्षति र धाँधली चली रहेको छ त्यसको समुचित निराकरण हुन पर्छ भन्ने रिपोर्ट गर्नुभएकोले नेपालको बन जंगलको सुरक्षाको साथ साथमा वैज्ञानिक तरिका अपनाई संरक्षणको सुप्रबन्ध मिलाउने हेतुले बन जंगलको काम टेकनिकलको साथमा शासकीय प्रबन्धको पूरा निगरानी हुन पर्दछ. बन जंगलको सुरक्षा र सुप्रबन्ध मिलाउने टेकनिकल कुरा तर्फको कामलाई सर्कल डिभिजन लाई नै पुरा अधिकार छ. यस्तो बन जंगलको टेकनिकल कुरामा गोस्वाराले कुनै हस्तक्षेप गर्न हुंदैन चाहिएमा मद्दत दिनु पर्दछ. तर प्रशासकीय प्रबन्धमा जिल्ला-धीशकै अधिकार भएबाट चोरी, बदमासी र बदनियतको रोकथाम गर्ने जिल्लापालकै पुरा अधिकार हुँदा बन सम्बन्धित काममा भए पनि बडा हाकिमले पुरा रेखदेख



255

पुऱ्याई कडा निगरान राखी भइरहेको ऐन सवाल र नियमबमोजिम जो गर्नुपर्ने कारवाई गरी रिपोर्ट सरासर विभाग ( मंत्रालय ) मा आउनु पर्छ. सर्कल डिभिजनमा मंहत कम भै लकडीको चोरी बदमासी रोक्ने राम्रो काम हुन नसकेकोले जिल्ला बडा-हाकिमलाई वनको टेकनिकल विषयमा बाहेक अरु वन जंगलको हानी नोक्सानी चोरी बदमासी रोक्ने जस्तै शासन प्रबन्ध तरफ कडी कडाउ गरी कारवाई गर्न लगाउने र ठेक्दारले पनि एग्रीमेण्टको नियम नपुऱ्याई निकासी गरेको चेक गर्ने गरी सबै जिल्ला गोश्वारालाई अखत्यार दिएको छ. जंगल नोक्सानी, चोरी आगलागी इत्यादिको रिपोर्ट गोस्वारामा पर्न आएमा गोस्वाराले सम्वन्धित सरकल डिभिजनलाई खवर गरी गोस्वाराले यस्तो सरकारी हानी नोक्सानी रोक्ने तुरुन्त ऐन सवालबमोजिम कारवाई गर्न दिन लाउनु पर्छ. गोस्वाराले यस्तो हानी नोक्सानीको खवर सरकल डिभिजनलाई दिने बित्तिकै पाएको खवरबमोजिम मौकामा गै उचित कारवाई गर्नुपर्छ र नगरेमा यस्तो नोक्सानीको जिम्मेदार नोक्सानी हुने वा भएको खवर पाउंदा पाउंदै पनि नजाने सरकल डिभिजनलाई दण्ड जरि-वाना हुने छ. यसमा गोस्वारालाई चोरी निकासी र सरकारको हानी नोक्सानी रोक्न संमलाई अखत्यारीले नपुग भए त्यस गोस्वाराले राय पेश गर्नु होला।

आज्ञाले,—

रोहिणीप्रसाद,

सेक्रेटरी.—वनविभाग



गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा.